# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मितिः २०८२/०६/३१ गते।

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको विकास र विस्तार, अनुसन्धान, उच्च शैक्षिक संस्थामा कार्यरत शैक्षिक तथा प्रशासनिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम र विद्यार्थी छात्रवृत्तिलगायतका कार्यक्रमहरू सञ्चालन गर्दैआएकोमा चालु आ.व. २०८२।८३ को वार्षिक कार्यक्रम तथा बजेटअनुसार सञ्चालन गरिने कार्यक्रमहरूमध्ये अनुसन्धान सहायता र गुणस्तर सुधार कार्यक्रमअन्तर्गतका निम्न कार्यक्रमहरुका लागि न्यूनतम मापदण्ड पूरा भएका उच्च शैक्षिक संस्था/सरोकारवालाहरूबाट मिति २०८२।०८।१४ भित्र प्रस्ताव/आवेदन पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारी आवश्यक योग्यता र प्रस्ताव/आवेदनको ढाँचा आयोगको वेबसाइट www.ugcnepal.edu.np मा राखिएको विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८२ बाट लिन सकिनेछ। म्याद नाघी प्राप्त हुने र रीत नपुगेका प्रस्तावउपर कुनै कारबाही गरिने छैन। झुटो विवरण पेस गरेमा प्रस्ताव/आवेदन रद्द गरी भविष्यमा आयोगबाट प्रदान गरिने अनुदानबाट बञ्चित गरिनेछ।

| | |
|---|---|
| **अनुसन्धान सहायता कार्यक्रमहरू** | |
| क | विद्वतवृत्ति<br>● विद्यावारिधि वृत्ति तथा अनुसन्धान सहयोग (विद्यावारिधि तहमा अध्ययनरत विद्यार्थी - योङ्ग, उच्च शैक्षिक संस्थामा कार्यरत शिक्षक र सार्वजनिक सेवामा कार्यरत व्यक्ति)<br>● दर्शनाचार्य वृत्ति |
| ख | अनुसन्धान प्रबर्द्धन<br>● लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान<br>● फ्याकल्टी अनुसन्धान अनुदान<br>● सहकार्यात्मक अनुसन्धान अनुदान |
| **गुणस्तर सुधार कार्यक्रम** | |
| **छोटो अवधिका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू** | |
| क | ● पुनर्ताजगी तालिम<br>● क्षमता विकासका तालिम<br>● अनुसन्धान विधि तालिम |
| ख | ● शैक्षिक संस्था उद्योगी - व्यवसायी सम्वाद<br>● स्थानीय तथा राष्ट्रिय स्तरको गोष्ठी/कार्यशाला/सम्मेलन |
| ग | उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण |
| घ | क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम |
| ङ | विश्वविद्यालय - समुदाय सम्पर्क कार्यक्रम |

| | |
|---|---|
| **अन्य कार्यक्रमहरू (वर्षभरी नै आवेदन दिन सकिने कार्यक्रमहरू)** | |
| क | पोस्टडक्टरल वृत्ति |
| ख | विद्यावारिधिका लागि आंशिक सहयोग |
| ग | अपाङ्गता भएका विद्यार्थीलाई शोधग्रन्थ तयारीका लागि सहयोग |
| घ | जर्नलमा लेख प्रकाशन सहयोग |
| ङ | प्याटेन्ट (एकस्व अधिकार) सहयोग |
| च | रेफरीड जर्नल प्रकाशन गर्न सहयोग |
| छ | सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान |
| ज | गोष्ठी/कार्यशाला/सम्मेलन - अन्तर्राष्ट्रिय स्तरको |
| झ | विशेष अध्ययन/अनुसन्धानका निमित्त वैदेशिक भ्रमण |
| ञ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको आशय-पत्र |

**आवेदन/प्रस्ताव दर्ता गर्ने समयसीमा तथा थप जानकारीका लागि**

- आवेदन/प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०८/१४ गते कार्यालय समयभित्र।
- आवेदनका साथ पेश गर्नुपर्ने कागजात आयोगको कार्यक्रम कार्यविधि, २०८२ को अनुसूचीमा दिइएको छ।
- अनुसन्धानसम्बन्धी आवेदनका हकमा Research Development and Innovation Programs Implementation Guidelines–2025 बाट थप जानकारी लिन सकिनेछ।

**थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ :**

**विश्वविद्यालय अनुदान आयोग**

**सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३८५४८/४९/५०, फ्याक्स नं. : ६६३८५५२**

**वेबसाइट** : www.ugcnepal.edu.np, **इमेल** : ugc@ugcnepal.edu.np